**नगर कार्यपालिका बैठक** **मितिः २०८०।५।१५ गते, शुक्रवार**

**<u>प्रस्तावनाहरुः</u>**

१. बोलपत्र आव्हानको सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

२. 'घ' वर्ग निर्माण इजाजत सम्बन्धमा ।

३. कानून मसौदा समिति गठन ।

४. कानून निर्माणको सैदान्तिक सहमति सम्बन्धमा ।

५. टोल विकास संस्था गठन तथा पुनर्गठन सम्बन्धमा ।

**<u>निर्णयहरुः</u>**

**निर्णय नं.१.** प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.को स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु मध्ये पूर्वाधार विकास समितिको सिफारिस बमोजिम तपसिलका योजनाहरुको बोलपत्र आव्हानको सूचना (e-bidding मात्र) प्रकाशन गर्ने निर्णय गरियो।

**<u>तपसिलः</u>**

| क्र.स. | योजनाको नाम | स्वीकृत ल.ई. रकम भ्याट र कन्टेन्जेन्सी सहित | विनियोजित बजेट | थप गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | इनरुवा दुहबी सडक खण्ड अन्तर्गत शंकरपुर शाखा नहरमा कल्भर्ट निर्माण, वडा नं. १ र ५ | ५३५३०१३.३९ | ३०००००० | २३२३०१३.३९ | थप रकम नगरको सानातिना फुटकर योजना शिर्षकबाट व्यहोर्ने |
| २ | सोमबारे हटियाबाट पश्चिम तर्फ जाने सडक कालोपत्रे गर्ने कार्य,वडा नं. ३ | ५३०८६२६.५४ | २२००००० | ३१०८६२६.५४ | |
| ३ | जनता मावि पछाडिदेखि दक्षिण नगपालिका जाने सडक कालोपत्रे गर्ने कार्य, वडा नं. ६ | ४७०२०७७.६३ | ३५००००० | १२०७०७७.६३ | |
| ४ | स्वर्गद्वारी घाटमा हाईवेदेखि गेटसम्मको बाटोमा | १०००००० | १०००००० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | इन्टरलक टायल लगाउने कार्य, वडा नं. ४ | | | | |
| ५ | TNK बलाहा बहुमुखि क्यापसको भौतिक पूर्वाधार निर्माण, वडा नं. ५ | १५००००० | १५००००० | ० | |
| ६ | सार्वजनिक शौचालय निर्माण, वडा नं. १ | २०००००० | २०००००० | ० | |
| ७ | नगरपालिका परिषरमा अपांग्तामैत्री र बालमैत्री शौचालय निर्माण | १५७४२७० | १५७४२७० | ० | |
| ८ | साविक जल्पापुर वडा नं ४ अजिम हाजिमको घर देखि अगाडी जाने बाटोमा ड्रेन निर्माण कार्य, वडा नं. १० | ३३००००० | ३३००००० | ० | |
| ९ | सखुवागाछीदेखि विपि चोकसम्म र अस्पतालगेटदेखि बस पार्कसम्मको कालोपत्रे सडक मर्मत गर्ने कार्य | १०००००० | ० | १०००००० | |
| १० | सार्वजनिक शौचालय मर्मत, वडा नं. ४ | ५००००० | ५००००० | | |

**निर्णय नं.२.** प्रस्ताव नं. २ माथि छलफल गर्दा "घ" वर्ग इजाजत सिफारिस सिमितिको मिति २०८०।५।१३ गतेको बैठकले सिफारिस गरेको निम्न निर्माण व्यवसायीहरुलाई निर्माण इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**निम्नः**

क. प्रजापति विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., इनरुवा-२, सुनसरी

**निर्णय नं.३.** प्रस्ताव नं. ३ माथि छलफल गर्दा कोशी प्रदेश सरकारले जारी गरेको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा २२ बमोजिम तपसिलको कानून तर्जुमा मसौदा समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

क. श्री केदार भण्डारी, प्रमुख - संयोजक
ख. श्री सुमन थापा, वडा अध्यक्ष - सदस्य
ग. श्री अशोक कुमार साहु तेली, वडा अध्यक्ष - सदस्य
घ. श्री दुर्गा प्रसाद दाहाल, वडा सदस्य - सदस्य
ङ. श्री सबिना सिग्देल, महिला वडा सदस्य - सदस्य
च. श्री मनोज कुमार यादव, वडा सदस्य - सदस्य
छ. श्री अग्निप्रसाद अधिकारी, प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

**निर्णय नं.४.** प्रस्ताव नं. ४ माथि छलफल गर्दा इनरुवा नगरपालिकाको दैनिक कार्यसंचालनलाई सहज बनाउन तपसिल बमोजिम कानून निर्माण गर्न कानून तर्जुमा मसौदा समितिलाई सैदान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

**तपसिलः**

क. स्वास्थ्य संस्था दर्ता, अनुमती तथा नवीकरण सम्बन्धी कार्यविधि
ख. आपत्कालिन कार्यसंचालन केन्द्र कार्यसंचालन विधि
ग. अनुदान, स्वास्थ्य उपचार तथा विपन्न आर्थिक सहायता निर्देशिका
घ. तीनपाङ्ग्रे (ई-रिक्सा) सम्बन्धी कार्यविधि
ङ. भवन निर्माण मापदण्ड तथा नक्सापास कार्यविधि
च. विपद् व्यवस्थापन कोष संचालन कार्यविधि
छ. सार्वजनिक खरिद नियमावली
ज. कार्यसञ्चालन निर्देशिका
झ. सहकारी नियमावली
ञ. बहाल कर नियमावली
ट. मर्मत सम्भार कोष संचालन कार्यविधि
ठ. निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली
ड. साना तिना फुटकर योजना संचालन गर्ने सम्बन्धमा
ढ. शिक्षा नियमावली
ण. छात्रावृत्ती वितरण कार्यविधि

**निर्णय नं.५.** प्रस्ताव नं. ५ माथि छलफल गर्दा टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८० बमोजिम इनरुवा नगरपालिकाको दश वटै वडाहरुमा यस अघि गठित टोल विकास संस्थाहरुलाई पुनर्गठन गर्ने र हालसम्म गठन नभएका टोलहरुमा नयाँ टोल विकास संस्था गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६.** प्रस्ताव नं. ६ माथि छलफल गर्दा इनरुवा नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यमा निजि क्षेत्रसंग सहकार्य गर्न प्रस्ताव आव्हान गर्ने निर्णय गरियो ।